उज्जयिनीको राजघराना

प्रा. डा. टीकाराम अधिकारी

म.सं.वि. साहित्यशास्त्री द्वितीय खण्डको चौथो पत्रमा आधारित

उज्जयिनीको राजघराना

(कादम्बरीका उज्जयिनी प्रसङ्गको पद्यमय भावानुवाद)

अनुवादक

प्रा.डा. टीकाराम अधिकारी

अध्यक्ष

साहित्य शिक्षण विभाग, वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग,

काठमाडौँ

वसन्तपञ्चमी

२०६१

पुस्तक : उज्जयिनीको राजघराना

अनुवादक : प्रा. डा. टीकाराम अधिकारी
वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग
काठमाडौँ

सर्वाधिकार : अनुवादकमा सुरक्षित

प्रकाशक : उपप्राध्यापक नन्दन भट्टराई

प्रति : ५०० प्रति

मूल्य : रु. ३०/-

मुद्रक :
श्री रामकृष्ण प्रिन्टर्स
न्यूप्लाजा, पुतलीसडक
फोन नं. ४४२१९४१

कम्प्युटर :
क्वालिटी लेजर प्रिन्ट
बागबजार, काठमाडौँ
फोन नं. ४२४२६५६

प्रकाशकीय

साहित्य समाजको प्रतिबिम्ब हो र पथप्रदर्शक पनि । वेद, उपनिषद्, पुराण आदि शास्त्रहरूको अध्ययनबाट विमुख तर सुकुमारमति विशेषतः राज्यसञ्चालनको नेतृत्वदायी तहमा पुग्ने राजपुत्र आदि अभिजातवर्गलाई कान्तासम्मित शैलीको उपदेशद्वारा यथोचित शिक्षाप्रदान गरी समाज र राष्ट्रको सर्वाङ्गीण उन्नतिका निमित्त सुयोग्य नेतृत्व तयार पार्नु र जनसामान्यलाई समेत पुरुषार्थचतुष्टयप्राप्तिको मार्गतर्फ उन्मुख गराउनु पूर्वीय काव्यशास्त्रको विशिष्ट प्रयोजन हो । यस अर्थमा सत्, चित् र आनन्दको प्राप्ति नै काव्यको चरम लक्ष्य हो भन्न सकिन्छ ।

वाल्मीकि, व्यास, कालिदासप्रभृति महनीय महाकविहरूका काव्यपरम्परामा उदाएका गद्यकवि बाणभट्ट संस्कृत साहित्यका शिखर पुरुष हुन् (बाणोच्छिष्टं जगत् सर्वम्) । विक्रमको छैटौं शताब्दीको समग्र भारतवर्षको ऐतिहासिक याथातथ्यलाई हर्षचरितको रूपमा प्रस्तुत गर्ने बाणभट्टको सर्वोत्कृष्ट कृति कादम्बरी विश्वसाहित्यकै धरोहर हो ।

उज्जयिनीको सभ्यता, सम्पन्नता र रमणीयता त्यहाँका राजा र प्रजा दुवैको पारस्परिक स्नेह र विश्वासको प्रतिफल हुनुका साथै समाज र राष्ट्रप्रतिको कर्तव्यबोधको सुन्दर परिणति पनि हो ।

नीतिहीन राज्य, नैतिकताविहीन समाज अनि अदूरदर्शी नेतृत्वको स्वच्छन्दता राष्ट्रका पतनका मूल कारण हुन् । सत्य, न्याय, विवेक, प्रेम, क्षमा र कर्तव्यपरायणता आदि सद्गुणहरूद्वारा नै आफ्ना पूर्वजहरूका आदर्श र गौरवमय परम्पराको संरक्षण–संवर्द्धन गर्न सकिन्छ । सत्पुरुषहरूको

पालन र दुष्टहरूको दमनका लागि उचित अवसरमा यथोचित निर्णय लिनसक्ने नेतृत्व नै लोकपालन, प्रजारञ्जन र धर्मसंरक्षण गर्न समर्थ हुन्छ। अनि उसैको कीर्तिपताका सर्वत्र फैलिन्छ । यौवनको उन्माद, अपरिमित धनसम्पत्ति, प्रभुत्व र अविवेकिता स्वतन्त्र रूपमै अनर्थका संवाहक हुन् भने यी सबैको समवाय अझ महान् अनर्थको ज्वालामुखी हो र यसको परिणति कति भयङ्कर हुन्छ भन्ने शास्त्रवचनको सत्यता नेपाली जनमानसले समसामयिक रूपमा अनुभूत गरिसकेको छ ।

आफ्ना–आफ्ना कर्तव्यको पालन गर्दै स्वधर्ममा निरत विवेकशील जनता र धीर, गम्भीर, परिपक्व नेतृत्वको सुन्दर समन्वय र सार्थक प्रयास नै सुसंस्कृत र सभ्य समाजको आधार हो र राष्ट्र र जातिको गौरव पनि हो भन्ने तथ्य बाणभट्टको कादम्बरीमा उद्घाटित भएको छ । शुकनासोपदेशमा चर्चा गरिएका विषय सार्वभौम, सार्वकालिक र सार्वजनीन छन् । शुकनासजस्ता नीतिज्ञ र धर्मज्ञ मन्त्रीहरूको मन्त्रणामा नै समाज र राष्ट्र सुरक्षित रहन्छ र अग्रगमनतर्फ लम्किन्छ । त्यसैले शुकनास हामी सबैका साझा गुरु हुन् र चन्द्रापीड युवाहरूका आदर्श । यस अर्थमा कादम्बरी हाम्रो इतिहास हो र सुन्दर भविष्यको रूपरेखा पनि ।

गद्यकवि बाणभट्टको रचनागत कौशल र कादम्बरीको सौन्दर्यगत वैशिष्ट्यको जति चर्चा गरे पनि कमै हुन्छ । यसप्रकारको महनीय ग्रन्थको नेपाली भाषामा गरिने अनुवाद संस्कृतसाहित्यका अध्येताहरूका लागि मात्र नभएर संस्कृतभाषा र साहित्यको ज्ञानबाट वञ्चित सर्वसाधारण समेतका लागि अत्यन्त उपयोगी र सार्थक हुने कुरामा दुईमत छैन । त्यसमाथि पनि संस्कृतसाहित्यका मूर्धन्य विद्वान् कवि प्रा. डा. टीकाराम अधिकारीजस्ता प्रतिभाको कुशल लेखनीद्वारा अनुष्टुप्छन्दका प्राञ्जल सुललित पदावलीमा

गरिएको यो हार्दिकतापूर्ण अनुवाद उज्जयिनीको राजघरानामा एकातर्फ गद्यकाव्यमा सन्निहित बाणभट्टीय विलक्षण काव्यमाधुर्य र अजस्र भावप्रवाह प्रवाहित हुनाले यसको औपदेशिकता र काव्यलावण्यमा परिपाकपूर्ण माधुर्य थपिएको छ भने अर्कोतर्फ संस्कृत साहित्यमा निहित विलक्षण हितोपदेशद्वारा नेपाली साहित्य महिमामण्डित भएको छ ।

आफूभित्र विशिष्ट काव्यप्रतिभा हुँदाहुँदै र अनेक काव्यकृतिका माध्यमबाट सहृदयहृदयरञ्जन गरिसक्दा पनि विशेष प्रचार र विज्ञापनबाट उदासीनवदासीन मेरा समादरणीय गुरुवर प्रा.डा. टीकाराम अधिकारीज्यू अत्यन्त सरल, मृदुभाषी र सहृदयी हुनुहुन्छ । आशुकवित्वका यथेष्ट उदाहरणहरू प्रस्तुत गरिसक्नु भएका कवि अधिकारीमा खण्डकाव्य र महाकाव्यसम्मका रचनाहरूलाई निरन्तरता दिनसक्ने अजस्र सृजनास्रोत सन्निहित छ ।

कादम्बरीजस्तो विश्वप्रसिद्ध अद्वितीय गद्यकाव्यमा निहित परमोपयोगी विषयहरूलाई समावेश गरी तयार गरिएको प्रस्तुत लघुपुस्तिका उज्जयिनीको राजघरानालाई जनसमक्ष प्रकाशन गर्न पाउने अपूर्व अवसर प्रदान गरी स्नेहाभिव्यक्ति प्रकट गर्नु भएकोमा गुरुवर श्री अधिकारीज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विज्ञेषु किमधितम् –

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते (गीता) ।।

नन्दन भट्टराई
उप-प्राध्यापक
साहित्यशिक्षण विभाग, वाल्मीकि विद्यापीठ,
महेन्द्र संस्कृत विश्वविद्यालय

वसन्तपञ्चमी, वि.सं. २०६१

दुई शब्द

उज्जयिनी भारतवर्षको नर्मदानदीको उत्तरपट्टि रहेको इतिहासप्रसिद्ध अवन्तीप्रदेशको यौटा प्राचीन राजधानी हो । शिप्रानदीको किनारमा रहेको यो प्राचीननगरी वर्तमान भारतवर्षको मध्यप्रदेशअन्तर्गत मालवाको पश्चिम भागमा पर्छ । यहाँ भगवान् महाकालको मन्दिर छ । भारतवर्षका ७ वटा प्रसिद्ध पुण्यनगरीहरूमा गनिने अवन्तीपुरी विशालाको नामबाट पनि चिनिन्थ्यो। महाकवि कालिदास, नाटककार भास र गद्यकवि वाणभट्ट आदिका काव्यहरूमा यस अवन्तीदेशका उदात्त उल्लेखहरू पाइन्छन् । महाकवि कालिदासले आफ्नो उत्तमकाव्य मेघदूतमा वर्णन गरेअनुसार यस देशको राजधानी उज्जयिनी अत्यन्त सुन्दर र सम्पन्न नगर थियो ।

अवन्तीदेशका नारीहरू अत्यन्त रतिकुशल मानिन्छन् (विनावन्तीर्न निपुणाः सुदृशो रतकर्मणि) । वत्सदेशका राजा उदयनले अवन्तिराज प्रद्योतकी छोरी वासवदत्तालाई विवाह गरेका थिए । यी दुवै पतिपत्नीको प्रेमकथाले काव्यसाहित्यमा महत्त्वपूर्ण स्थान ओगटेको छ । यी दुवै पतिपत्नीहरू सङ्गीतप्रेमी र प्रेमका पारखी पनि थिए भन्ने कुरा नाटककार भासले आफ्नो स्वप्नवासवदत्ता नाटकमा उल्लेख गरेका छन् (वासवदत्ताबद्धं न तु तावन्मे मनो हरति) । यही ऐतिहासिक महत्त्व कायम गर्दै छैठौं शताब्दीको अन्त्य वा सातौं शताब्दीको आरम्भमा देखापरेका स्थानेश्वरराज हर्षवर्द्धनका सभापण्डित गद्यकवि वाणभट्टले यस नगरीलाई अत्यन्त सुन्दर दृष्टिले व्याख्या गरेका छन् । कवि वाणभट्टले वर्णन गरेअनुसार यस नगरीको प्रकृतिसौन्दर्य र नगरवासी विलासीहरूको दिव्यभोगको वर्णन

पढ्दा पाठकहरूलाई आश्चर्य लाग्छ कि यो नगरी पृथिवी नै हो वा पृथिवीमा खसेको यौटा स्वर्गको टुक्रा ? यसप्रकारको वर्णनमा कविको प्रौढोक्ति वा कल्पना पनि हुन सक्छ तर वाणभट्टद्वारा वर्णन गरिएका त्यस नगरीका राजा तारापीडको परोपकारशीलता, महारानी विलासवतीको प्रेमपरायणता र मन्त्री शुकनासको इमान्दारिता जस्ता उत्कृष्ट गुणहरू आधुनिक समाजको लागि अति आवश्यक छन् । साथै कवि वाणभट्टको आलङ्कारिक भाषिक चमत्कारको आनन्द लिन मात्र पनि कादम्बरीकथाग्रन्थको यो उज्जयिनी–वर्णनप्रसङ्ग पठनीय छ । त्यसमा पनि शुकनासोपदेशप्रसङ्गको छुट्टै नैतिक महत्त्व छ ।

यौवनं धनसम्पत्तिः प्रभुत्वमविवेकिता ।
एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम् ।।

यौवन, धनसम्पत्ति, प्रभुता र अविवेक यी चार विषयहरूमा कुनै पनि यौटा विषय मात्र पनि मानवजीवनका अनर्थको कारण हुन्छ भन्ने कुरा पञ्चतन्त्रको यस श्लोकले स्पष्ट गरेको छ । यी चार विषयहरूदेखि सावधान रहनका लागि मन्त्री शुकनासले युवराज चन्द्रापीडलाई दिइएको शिक्षाले नै कादम्बरी कथाग्रन्थमा शुकनासोपदेशको नामले प्रतिष्ठा प्राप्त गरेको छ । ठूलो तपस्या गरेर प्राप्त हुने मानवजीवन चरित्रहीन नहोस् भन्ने हाम्रो धार्मिक आदर्श अनुरूप कवि वाणभट्टद्वारा कान्तासम्मित शैलीमा प्रस्तुत गरिएको यो प्रसङ्ग नै कादम्बरी कथाग्रन्थको प्रबल नैतिक पक्ष हो।

कादम्बरी कथाग्रन्थ भएकाले कथासँगै पात्रहरू पनि काल्पनिक छन् तर पनि यस कथाग्रन्थभित्रको सत्य अत्यन्त ग्राह्य छ । इतिहास हुँदाहुँदै पनि कविले पाठकहरूका लागि आवश्यक कथा जन्माउँछ किनकि वर्णन गर्ने शक्ति भएको कवि इतिहासमा मात्र गुम्सिएर लेख्न सक्तैन । ऊ

अनेकौं प्रेम र सौन्दर्यशक्तिहरूको प्रयोग गरेर पाठकहृदयलाई आनन्दमग्न बनाउन तयार रहन्छ । यसैले कवि वाणभट्टको कादम्बरी कथाग्रन्थको यौटा सत्य अंशलाई यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत उज्जयिनीवर्णनको राजकुल वा राजपरिवार यौटा सुसंस्कृत राजघराना हो । उज्जयिनीवर्णनदेखि लिएर शुकनासोपदेशसम्मको प्रसङ्ग महेन्द्र संस्कृत विश्वविद्यालयको स्नातकस्तरको साहित्यविषयको पाठ्यक्रममा निर्धारित छ । त्यही सिलसिलामा भावानुवाद गरिएको र **शुकनासोपदेश** नामबाट वि.सं. २०४२ मा **अरुणोदय** (वर्ष २१/२२, अङ्क ३/४/१२) मा प्रथमपटक प्रकाशित भएको **उज्जयिनीको राजघराना** नामक प्रस्तुत लघुपुस्तिकाले वाणभट्टको भावानुनय गरेर पाठकहरूलाई छुट्टै मनोविनोद देला भन्ने आशा छ । विशेष गरी उज्जयिनीको राजघरानाको संक्षिप्त परिचय दिनुका साथै युवराज चन्द्रापीडलाई मन्त्री शुकनासद्वारा दिइएको विस्तृत उपदेशको सारसङ्ग्रह गर्नु यस लघुपुस्तिकाको मुख्य प्रयोजन हो। यो हुँदाहुँदै पनि गद्यकवि वाणभट्टको जगन्मनोहारिणी वाणीको आस्वादका तुलनामा यो भावानुवाद काँचो नेपालीखट्टे साबित हुनेछ । वाणभट्टका विषयमा लेखिएको निम्न श्लोक नै यसको प्रमाण छ –

रुचिरस्वरवर्णपदा रसभाववती जगन्मनो हरति ।
सा किं तरुणी ? नहि नहि वाणी वाणस्य मधुरशीलस्य ।।

अर्थात् वाणभट्टको भाषाशैली सुन्दर पदविन्यास र रसभावको परिपाकका कारण कोकिलकण्ठी, मन्दगामिनी र रसिली सुन्दरीको छनक भन्दा पनि अत्यन्त मनोहरण गर्न समर्थ छ । यही आकर्षणका कारण जन्मिएको यो लघुपुस्तिकाले केवल वाणभट्टका भाषिकचमत्कारको सम्झना गराउने काम मात्र गर्नेछैन अपितु यसले आजका युवा समुदायलाई निम्न

किसिमको मानवजीवनप्रति सचेत रहन सल्लाह पनि दिनेछ ।

थोत्रो पात पुऱ्याएझैं हावाका वेगले पर
आफ्नै स्वभावले भ्रान्त बन्छ बैंश हुने नर
कामप्रहारले थोत्रो भएको दिलमा तर
नासिन्छ जलका थोपा चुहेझैं ज्ञान सुन्दर

अन्त्यमा यसप्रकारको शैक्षिक सामग्रीको प्रकाशन गरी विभागीय अभिभारा समेत वहन गर्ने नेपालका ख्यातिप्राप्त विद्वान् पं. कृष्णप्रसाद भट्टराई र श्रीमती राधादेवी भट्टराईका सुपुत्र तथा वाल्मीकि विद्यापीठ, साहित्य विभागका प्रतिभावान् सक्रिय सदस्य उपप्राध्यापक श्रीनन्दन भट्टराईज्यूका सहृदयताको सहाहना गर्दछु । यसरी नै विभागका अन्य सदस्यहरूबाट पनि सृजना र प्रकाशनको दायित्व वहन गर्ने परम्परा कायम हुँदै गएमा विभागले सृजनात्मक गौरव हासिल गर्नेछ भन्ने सुनौला आशाका साथ दुई शब्द यत्ति ।

– अनुवादक

वक्रः पन्था यदपि भवतः प्रस्थितस्योत्तराशां
सौधोत्सङ्गप्रणयविमुखो मास्म भूरुज्जयिन्याः ।
विद्युद्दामस्फुरितचकितैस्तत्र पौराङ्गनानां
लोलापाङ्गैर्यदि न रमसे लोचनैर्वञ्चितोऽसि ।।

(हे मेघ ! यद्यपि उत्तरदिशातर्फ प्रस्थान गरेका तपाईंको लागि बाटो बाङ्गो पर्छ तर पनि उज्जयिनीनगरका अग्ला-अग्ला र सेता घरहरूसँग प्रेम गर्न नभुल किनकि चम्चम् बिजुली चम्कदा डराउने त्यस उज्जयिनीनगरका सुन्दरीका चञ्चल कटाक्षहरूसँग नखेलेमा तिमी निश्चय नै ठगिनेछौ - मेघदूत) ।

विषय-क्रम

१.	उज्जयिनीसुषमा	१
२.	राजा तारापीड र उनको घराना	३
३.	मन्त्री शुकनास र उनको घराना	३
४.	राजाको भोगविलास	४
५.	महारानी विलासवती र उनको घराना	६
६.	राजाको विलासवतीसँग दुःखप्रश्न	६
७.	विलासवतीको मानसिक चिन्ताको रहस्य	८
८.	विलासवतीलाई राजाको सान्त्वना	९
९.	विलासवतीद्वारा देवताको आराधना	१०
१०.	शुभ स्वप्नहरूको संयोग	११
११.	विलासवतीको गर्भधारण	१२
१२.	राजकुमार चन्द्रापीड र मन्त्रीपुत्रको जन्म	१२
१३.	नामकरण र शिक्षादीक्षा	१३
१४.	नगरवासीको भावालाप र चन्द्रापीडको यौवनारम्भ	१३
१५.	राजकुमार चन्द्रापीडलाई मन्त्री शुकनासको उपदेश	१४
	(क) यौवनद्वारा भ्रान्त व्यक्तिको उपचार गुरुको उपदेश	१५
	(ख) लक्ष्मीको स्वभाव बिजुलीजस्तै चञ्चल	१८
	(ग) धूर्तहरूदेखि राजा सावधान हुन आवश्यक	२४
	(घ) राजलक्ष्मीको उपभोगमा सावधानी आवश्यक	२८
१६.	राजकुमार चन्द्रापीडको यौवराज्याभिषेक	३०
१७.	युवराज चन्द्रापीडको दिग्विजय	३१
१८.	उज्जयिनी-प्रख्याति	३२

नियतिकृतनियमरहितां ह्लादैकमयीमनन्यपरतन्त्राम्
नवरसरुचिरां निर्मितिमादधती भारती कवेर्जयति।

– काव्यप्रकाश

१: उज्जयिनीसुषमा

सृष्टिको गहना जस्तो शिवको वास सुन्दर
छ अवन्तीमुलुकमा यौटा उज्जयिनी पुर
स्नानका घरमा फैली हजारौं जलका छिटा
त्यहाँ सुन्दर देखिन्छन् नाच मत्त-मयूरका ।

बग्दछिन् कल्कलाएर स्वच्छ शिप्रानदी त्यहाँ
स्तनका भरमा पुग्छन् मालवीहरू माझमा
त्यहाँका सब बासिन्दा अतिराम्रा भए पनि
न हिंड्छन् पर-नारीको पिउँदै मुख-चाँदनी ।

धर्मका भावनाले नै छ त्यो हृदय शीतल
काम-सेवनले मात्र न झर्छन् कहिल्यै तल
हाँसी मुसुक्क ती झिक्छन् महाभारतका कथा
पुरुषार्थ गरी हर्छन् गृहिणीका मनोव्यथा ।

उहिले नै थियो दानी पुर त्यो कल्पवृक्षझैं
विचित्र-चित्रले गर्दा देखिन्थ्यो विश्वरूपझैं
बिहानीपख देखिन्थे सूर्यका रश्मि-मञ्जरी
हजारौं रङ्गका नाना-मणिका भुईमा परी ।

पाउँथ्यो न अँध्यारोले अखडा रातमा पनि
बन्थे क्षीण विलासीले बालेका दीप तैपनि
त्यहाँका छतमा सुत्थे हँसिला पुर-सुन्दरी
दगुर्थे नभमा चन्द्र मुख-विम्ब उँघो गरी ।

बिहानै गहना बज्थे झट्ट उठ्दा विलासिनी
अवाक् बन्थे सुगा, मैना हजारौं स्वरका धनी
पाइन्थ्यो देख्न मोतीको चाञ्चल्य मात्र हारमा
चखेवा र चखेवीको वियोगमात्र रातमा

आफ्नो चन्द्र-कला घोट्दै गौरीका पाउजेबमा
स्वर्गङ्गा शिरमा बोकी शिव नै बस्दथे त्यहाँ ।

२. राजा तारापीड र उनको घराना

त्यहाँ राजा थिए यौटा ती तारापीड नामका
आभा र कान्तिले वैरी थिए जून र घामका ।

विचारशक्तिले नष्ट पारी सारा उपद्रव
रहन्थे राज्य-लक्ष्मीको स्पर्श पाई सगौरव ।

तात्दथ्यो शत्रुका निम्ति उनको शीतलोपना
अँध्यारा बन्दथे वैरी-नारीका मुख चन्द्रमा ।

३. मन्त्री शुकनास र उनको घराना

शुकनास थिए मन्त्री ती तारापीड भूपका
अभिव्यक्ति सरी शास्त्र, कला, सङ्गीत आदिका
नमाल्ने सुख पाएर दुःख पर्दा नआत्तिने
त्यो बानी दुनियाँ सिक्थे आत्मा पार लगाउने ।

४. राजाको भोगविलास

राज्य-भार चढाएर सिपालु शुकनासमा
राजा स्त्रीसँग जिस्किन्थे जगाई कामवासना
कानमा फूल पैह्रेका उनका प्रेमिकाहरू
बहाउँथे रमाएर हाँसोका लहरीहरू ।

ती राजालाई पाएका सुन्दरीहरू चञ्चले
बन्द गर्थे अँगालोमा पिटी लोचन-पद्मले
म्वाई दिन नमानेका चुरा-बाला बजाउने
भामिनीहरूको लीला मन मुग्ध गराउने ।

ओच्छ्यानहरू नै राता भए लालीहरू खसी
राजाका जालमा चाँडो बल्फेनन् तर रूपसी
छरी कुङ्कुम-कस्तूरी आदिको रस बेसरी
कहिले खेल्दथे छर्दै ती अबीर र केशरी ।

कहिलेकाहीँ ती राजा पौडी खेल्थे तलाउमा
मनोरञ्जनका लागि ली वधूगण साथमा
खुले हृदयका गाँठा राजाका अनुरागले
सरोवर भयो क्षुब्ध नारीका स्तन-भारले ।

कहिले प्रेमको भाग खोसिने वनिताहरू
अनेकौं पुष्पमालाले बाँधेर राख्दथे अरू
राजालाई पियाएर मुखले मदिरा पनि ।
मनाउँथे नयाँ कामोत्सव उद्दीप्त कामिनी ।

कैले जङ्गलमा घुम्थे हात्तीझैं जनरञ्जन
हाँसझैं कहिले घुम्थे लाखौं कमलका वन
सिंहझैं कहिले डुल्थे क्रीडा-पर्वतमा अनि
चढ्दथे भँवरोझैं ती लहराहरूमा पनि ।

कैले सङ्गीतमा मग्न हुन्थे रानीहरूसँग
भोगे ती सुख राजाले जो छन् उचित-सम्भव
मन्त्रीमा राज्य राखेर भोग्दा यौवनका सुख
बित्यो समय देखेनन् एउटा पुत्रको मुख ।

मन मैलो भयो, इच्छा हराए सुखका सब
सुन्दरीहरूको खल्लो लाग्यो त्यो अधराऽऽसव
एक्ला जस्ता भए घेरै राजाले घेरिदा पनि
उनी अल्मलिए अन्धो, असहाय सरी बनी ।

५. महारानी विलासवती र उनको घराना

पटरानी थिइन् उन्की विलासवती नामकी ।
गहनाझैं थिइन् नारीहरूका सत्स्वभावकी ।

६. राजाको विलासवतीसँग दुःखप्रश्न

कुनै समय राजाले रानीका घरमा पसी
प्रेमपूर्वक सम्झाए सँगै ओछ्यानमा बसी
रानी ! पीर दबाएर रुन्छ्यौ न बुझिने गरी
किन हो यसरी बुच्ची बनेकी भन सुन्दरी !

गुथ्दछन् आँशुको माला परेलीहरू हेर त ।
किन हो न लगाएकी पैतालामा अलक्तक ?
म देख्दिन लगाएको त्यो पाउजेब पाउमा
म देख्छु आँशुका धारा बहेका पनि बाहुमा ।

छ्यौ मानिनि ! अड्याएकी हत्केला माथि टाउको
शोभा-हीन छ औंसी को रात झैं केशपाश यो

के हो कारण पीडाको बताऊ खुश भैकन
कम्पमान भयो तिम्रा सुस्केराहरूले मन ।

अपराध गरें मैले के तिमी माथि सुन्दरी !
गल्ती भेटिन्न क्यै मेरो सम्झदा पनि बेसरी
मेरो ज्यान र यो राज्य तिमीमा नै छ आश्रित
छँदा छँदै म एक्कासी पऱ्यो हे देवि ! के पिर ?

रानीबाट नपाएका हुनाले केही उत्तर
त्यसको हेतु राजाले सोधे दासीहरू सँग ।

७. विलासवतीको मानसिक चिन्ताको रहस्य

खुबाइरहने पान–सुपारीहरू सर्वदा
थिई मकरिका यौटी रानीकी परिचारिका
उ बोली– 'हे महाराज ! के होस् गल्ती तपाईंको ?
अथवा अरू नै दास–दासी र दाजु–भाइको ।

'हाय ! भो व्यर्थ राजाको संभोग' पिर यत्ति छ
यही सोचेर रानीको सारा समय बित्दछ
गर्दै सुरतको निन्दा उहिल्यै खिन्न बन्नु भो
हाम्रा आग्रहले मात्र खानु भो अनि सुत्नु भो ।

रोक्नु भो मनका कुण्ठा पीर पर्ला भनी बसी
रहेछ तर हे राजन् ! तिथि आज चतुर्दशी
श्रीमहाकालको गर्दा–गर्दै पूजा र वन्दना
महाभारतको यौटा परे छ वाक्य कानमा –

'परलोक न राम्रो छ अपुताहरूको जब,
पुं यो नरक तार्नाले छोराको नाम पुत्र छ'
फर्केर घरमा सारा छोड्नु भो खानलाउन
बोल्न, हिड्न, सबैलाई माया गर्न र गाउन ।

आँशु मात्र खसालेर रुनुहुन्छ कसो गरु ?
फकाएर फुल्याएर राजन् ! सम्झाउनोस् बरु ।

८. विलासवतीलाई राजाको सान्त्वना

लामा सास निकालेर भने ती भूमिपालले
दैवाधीन कुरामा के गर्नु मानव जातिले ?
नरोऊ धेरै हामीमा देवताको कृपा कहाँ ?
पाउँछन् जात छोराको धर्मात्मा मात्र काखमा ।

यो पापी मुटु के त्यस्तो चोखो अमृत पाउला ?
मिल्ने हो तर हे देवि ! पैले कर्म गरे ठुला
गरिन्छन् कर्म जे राम्रा न राम्रा पूर्वजन्ममा
मान्छेका भोगमा व्यक्त बन्दछन् यस जन्ममा ।

बदल्न दैव सक्तैनन् कोही योगीहरू पनि
मनुष्य–लोकमा जे जे सकिन्छ गर मानिनि !
बढाऊ अझ यी मान्य–जनमा भक्तिभावना
देवताहरूको धेरै गर पूजा र वन्दना ।

राख आदर हे देवि ! पूजामा ऋषिवृन्दका
आराध्य ऋषि नै मुख्य देवता हुन् मनुष्यका
राजा दशरथ श्रेष्ठ सेवाले ऋष्यशृङ्गका
जन्मदाता भए राम जस्ता दुर्जेय पुत्रका ।

कैल्यै निष्फल बन्दैन मुनि-सेवा मनुष्यको
पिउँला कहिले देवि ! मुखशोभा म पुत्रको ?
सम्पूर्ण रात गुज्रन्छन् चिन्ताग्रस्त हुँदाहुँदै
पुरुषार्थ र आशा नै छोडेर हिड्नु के रुँदै ?

शून्य लाग्दछ संसार राज्य देख्छु म निष्फल
दैव पल्टाउने जस्तो हुन्न मानिसको बल
शोक छोडेर यो आस्था राख धर्म र धैर्य्यमा
जान लागे पनि प्राण नह्रौ मुग्ध अधर्ममा ।

सुम्सुम्याएर रानीका क्षीण अङ्गहरू पुरा ।
निस्के ढिलो गरी राजा सम्झाई धर्मका कुरा ।

९. विलासवतीद्वारा देवताको आराधना

सम्झाएपछि राजाले रानीको शोक भो कम
बढाइन् देव-देवीमा पूजा र अभिनन्दन
भए आदरका पात्र गुरु, ब्राह्मण बेसरी
गर्दथिन् व्रत छोराका तृष्णाले नृप-सुन्दरी ।

१०. शुभ स्वप्नहरूको संयोग

रानीका मुखमा पस्न लागेको [1]रजनीकर
कोही समयमा देखे राजाले स्वप्न सुन्दर
मन्त्रीलाई बताए यो सपना हर्षमग्न भै
यसरी भन्न थाले ती मन्त्री पनि रमाउँदै –

राजन् ! अब भए हाम्रा परिपूर्ण मनोरथ
केही समयमा भोग्नुहुनेछ पुत्रको सुख
यौटा ब्राह्मणले ल्याई सेतो कमल सादर
रानीका अघि राखेको देखें स्वप्न मनोहर ।

शुभ चिह्नहरू राम्रा भावी फल बताउँछन्
बिहानीपख देखेका स्वप्न सार्थक बन्दछन् ।

---

१. चन्द्रमा ।

११. विलासवतीको गर्भधारण

केही दिनहरू बित्दा रानी गर्भवती भइन्
बर्षाको मेघझैं ढीला चालकी पनि देखिइन्
फेर्दथिन् सास टेढ्याई आँखा, हाइहरू झिकी
जागेन मन खानामा गर्भ पुष्ट भएपछि ।

सभासद् बटुली राजा बसेका शुभ–कालमा
बताउन गई सारा हाल यो कुलवर्द्धना
सुखको दृष्टि फैलाए राजाले शुकनासमा
[२]आत्मप्रसादको [३]ज्योत्स्ना फैलियो आसपासमा ।

१२. राजकुमार चन्द्रापीड र मन्त्रीपुत्रको जन्म

बुझे यो बात राजाले स्वयं सोधी प्रियासँग ।
केही समयमा पूर्ण भयो पुत्रमहोत्सव ।
उता छोरो भयो त्यस्तै ती मन्त्री शुकनासको ।
अहो ! चल्छ लगातार क्रम प्राप्ति र नाशको ।

---

२. *खुशी ।*

३. *चाँदनी ।*

१३. नामकरण र शिक्षादीक्षा

चन्द्रापीड भयो नाउँ राम्रा राजकुमारको
वैशम्पायन भो नाउँ अनि मन्त्रीकुमारको
क्रमैले गरिए कर्म चूडाकरण आदि ती
बालक्रीडाहरू गर्दै लिए उन्नतिमा मति
शिक्षा दिए दुवैलाई आचार्यहरूले पनि
बने ती व्यक्त–अव्यक्त विद्याका अति नै धनी ।

१४. नगरवासीको भावालाप र चन्द्रापीडको यौवनारम्भ

ती शिक्षागृह छोडेर दर्बारतिर फर्कंदा
नर–नारी जुटे हेरे उत्कण्ठाहरू उम्लँदा
शृङ्गार नगरी पूर्ण आए युवति आत्तिदै
कोही मुख मुसारेर ऐना नै हातमा लिंदै ।

नसुक्दै दगुरे कोही पाउको त्यो अलक्तक[४]
रूपदर्शनको तिर्खा मेट्ने नारीहरू सब
ऐनामा दृश्यझैं सारा मुटुमा प्रतिविम्बित
त्यो चन्द्रापीडको रूप भयो भित्र सुसञ्चित ।

---

४. *मेहदी ।*

ती चन्द्रापीडको जाग्यो यौवनारम्भ सुन्दर
भयो शरीर उनको गुणगौरवको घर
छाती भो दृढ शोभाका साथ अत्यन्त फैलिदै
भए बाहुहरू लामा लक्ष्मीका तकिया हुँदै ।

अरू अङ्गहरू यस्तै दिव्य–सौन्दर्यमा डुबे
यो देखेर प्रजा सारा आत्मानुभूतिमा पुगे ।

१५. राजकुमार चन्द्रापीडलाई मन्त्री शुकनासको उपदेश

विनोदहरू गर्दा नै लामो समय गुज्रियो
अनि बेला भयो ठिक्क यौवराज्याभिषेकको
आफ्नो दर्शनका निम्ति आएका ती कुमारको
गर्दछन् राज–कर्तव्यनिर्देश शुकनास यो –

'चन्द्रापीड ! तिमीलाई म दिउँ उपदेश के ?
सुनभैं खारिएका छौ तिमी सम्पूर्ण–शास्त्रले
तर यौवनको हावा सारै नै बलियो छ यो
न भीम–हनुमान्द्वारा फर्काउन सकिन्छ यो ।

दैवले नै जमाएको यो महान् अन्धकार हो
न यो विषय नै हुन्छ सूर्य, रत्न, प्रदीपको
बढेर पनि नासिन्न लक्ष्मीको मद अन्त्यमा
ऐश्वर्यबाट उब्जेको अन्धता नष्ट होस् कहाँ ?

ठण्डीमा पनि नासिन्न यो गर्मी अभिमानको
मन्त्रले पनि घट्दैन यो मोह सुख–भोगको
पानीले न पखालिन्छ दृढ–आसक्तिको हिलो
न राज्य–सुख–निद्रा नै दिनमा पनि टुट्छ यो ।

यिनै विषयका चर्चा विस्तारसाथ गर्छु म
राजपुत्र ! बरू श्रद्धाभावले शान्त भै सुन ।

(क) यौवनद्वारा भ्रान्त व्यक्तिको उपचार गुरुको उपदेश

अनर्थ वस्तु हुन् शक्ति, धन, रूप र यौवन
डेरा हो दुष्टताको नै साराको अझ मिश्रण
बिग्रन्छ बैंशमा बुद्धि धोएर पनि शास्त्रले
पक्कै युवकको बुद्धि रङ्गिन्छ अनुरागले ।

थोत्रो पात पुऱ्याए झैं हावाका वेगले पर
आफ्नै स्वभावले भ्रान्त बन्छ बैंश हुने नर
सम्झन्छ स्वाद आएको प्यूँदा विषयको विष
बालुवाले भुलाएको मृग झैं घुम्छ मानिस ।

विषयासक्ति दिग्भ्रान्ति[५] जस्तै हुन्छ विनाशक
मान्छे पर्दछ खाल्टोमा नभेटी मार्ग लायक
हुन्छन् लायक शिक्षाका तिमी जस्ता मनुष्य नै
उपदेश न पक्रन्छन् मनोमल[६] हुने कुनै ।

सेतो स्फटिकमा मात्र पस्छन् किरण जूनका
बस्दछन् गुण नै स्वच्छ मन भित्र मनुष्यका
मूर्ख नै गुरुको बोली कानको जल ठान्दछ
तर सज्जन मोतीको हार झैं त्यो सम्हाल्दछ ।

चाँदनीतुल्य शिक्षाको अन्धकार हटाउँछ
अनि मानिसको अर्कै भित्री शोभा बढाउँछ
छ तिम्रो अति नै राम्रो बेला यो उपदेशको
पिएका पनि छैनौ त्यो मोहिनी–रस भोगको ।

---

५. *दिशा वा बाटो अल्मलिने काम ।*

६. *मनको खराब भावना ।*

काम–प्रहारले थोत्रो भएको दिलमा तर
नासिन्छ जलका थोपा चुहे झैं ज्ञान सुन्दर
बन्दैनन् शीलका हेतु कुल, शास्त्र कसैगरी
कहाँ श्रीखण्डको आगो पोल्न छोड्दछ बेसरी ?

वडवाग्नि परी पानी न बल्न छोड्छ घप्पप
परन्तु गुरुको शिक्षा पखाल्छ सब कल्मष[७]
उपदेश कुनै पानी विनाको स्नान–तुल्य हो
अथवा वृद्धता हो त्यो ल्याउँदैन विकार जो ।

मेदोदोष[८] न उब्जाई गुरुता यो बढाउँछ
सुनले न बनाएको गहना हुन आउँछ
कुनै आलोक जस्तो छ न भइकन तेज यो
न दिने वेदना नौलो हो प्रजागर[९] हेर यो ।

---

७. पाप ।

८. पेट बढाउने मेदनामको धातुविशेष ।

९. जाग्नु ।

(ख) लक्ष्मीको स्वभाव बिजुलीजस्तै चञ्चल

लक्ष्मीलाई तिमी पैले हेर कस्ती विचित्र छ ?
शिपालु भटका[१०] खड्ग–वनमा बन्दछे रत
लिएर पालुवाबाट राग[११] त्यो पारिजातको
भएकी हो कि उत्पन्न वक्रता लिई चन्द्रको ?

मानूँ उच्चैश्रवाबाट यस्ले चञ्चलता सिकी
कालकूट सरी सर्छे मोहशक्तिहरू झिकी
मद ली मदिराबाट मणिबाट कठोरता
आई सँगै बसेकीले लिएर चिह्न मित्रका[१२] ।

यसलाई भुलाएर पाल्न अत्यन्त दुःख छ
बाँधेको गुणको डोरी झट्टै शिथिल बन्दछ
थुनिन्न बलियो पार्दा पिंजरा तरबारको
थुनिए भाग्दछे वास्ता न गरी घरबारको ।

---

१०. *सिपाही ।*

११. *रातोपन वा प्रेम ।*

१२. *लक्ष्मीको जन्म समुद्रबाट भएकोले यसले समुद्रमन्थनबाट निस्केका पारिजातबाट प्रेम गर्ने बानी चन्द्रमाबाट बाङ्गोपन, इन्द्रको घोडाबाट चञ्चलता, कालकूट विषबाट मोह पार्ने शक्ति आदि सिकेको संभावना गरिएको ।*

स्नेह, शास्त्र, दया, धर्म, कुल, शील, विशेषता
त्याग, आचारको वास्ता नली भाग्छे कता–कता ?
गन्धर्वपुर झैं देख्ने बित्तिकै नष्ट बन्दछे
मानूँ समुद्र मथ्दाका रिङटाले दगुर्दछे ।

न वा टेक्दिन यो काँढा बिझी कमल–दण्डका
मत्त झैं भाग्दछे छोडी घर सम्पन्न–भूपका
मानूँ कठोरता सिक्न डुल्दछे दरबारमा
देखाउन विराट्रूप राख्छे वा विष्णु साथमा ?

यो घूर्तसँग टाँसिन्छे वनको लहरो सरी
पुग्दछे पर गङ्गा झैं यो तरङ्गहरू छरी
फेरिन्छ महिनैपिच्छे गति श्रीसूर्यको सरी
बस्छे पातालझैं आफैं अन्धकारहरू भरी ।

यो कठोर हिडिम्बाझैं भीमशक्ति[१३] उचाउँछे
यो वर्षा–ऋतु जस्ती भै अस्थायी[१४] कान्ति छर्दछे
छुँदैछुन्न गुणीलाई अपवित्र बुझेसरी
सम्झन्छे बलियालाई अमङ्गल बराबरी ।

उल्कापातसरी सारा साधुलाई विचार्दछे
कुलीनलाई यो सर्पजस्तै सम्झेर नाध्दछे ।

---

१३. *भीमसेनको शक्ति र डरलाग्दो शक्ति ।*

१४. *अस्थायी छवि र विजुली ।*

शूर–वीरहरूलाई काँढो सम्झेर छोड्दछे
खराब सपना जस्तै दानीलाई विचार्दछे
मनस्वीलाई उन्मत्त जस्तै सम्झी उठाउँछे ।

विरुद्ध देखिने आफ्ना यस्ता चित्र फिजाउँछे –
गर्मी थपेर पनि यो जाड्य[१५] उत्पन्न गर्दछे
चढाएर पनि तुच्छ–भावनामा पुऱ्याउँछे
समुद्रबाट जन्मेर तिर्खा मात्र बढाउँछे ।

पैले स्वामी बनाएर पार्दछे पछि दूषित
पैले बल बढाएर हर्दछे पछि यो हित
छ दुःखदायिनी लक्ष्मी जन्मे पनि सुधासँग
छ मूर्त तर यो लुक्छे उब्जाइकन झन्झट ।

पुरुषोत्तमका[१६] साथ बसेर मूर्ख रोज्दछे
धूलो झैं सुकिलालाई पनि मैलो बनाउँछे
चम्कन्छे जति बत्ती झैं ध्वाँसो[१७] मात्र फिजाउँछे
पानी झैं अझ तृष्णाको लहरो यो बढाउँछे ।

---

१५. *शीतलता र अज्ञान ।*
१६. *उत्तम मानिस र विष्णु ।*
१७. *कालो र अपवाद ।*

व्याधाले गीत गाएर मृगलाई खिचे सरी
हर्दछे सुखको आशाद्वारा इन्द्रिय बेसरी
धूँवाले चित्र झैं ढाक्छे सच्चरित्र मनुष्यको
निदाउने बिछौना नै बन्दछे दृढ–मोहको ।

यसका आडमा बाँच्छे बिचरी मद–राक्षसी
श्रुति र स्मृतिका दृष्टि नास्छे हृदयमा पसी
लक्ष्मी नै सूचना गर्ने हो दुराचारकी ध्वजा
हो काम, क्रोधका ग्राह हुर्कने दृढ निम्नगा[१८] ।

सारा विषयको यौटा पान–गोष्ठी सरी छ यो
कटाक्षपातको नाच–गानमा चतुरी छ यो
हजारौं दोषका सर्प पाल्दछे यो गुफासरी
यो हटाउँदछे राम्रा व्यवहार कृपा गरी ।

वर्षातुल्य लखेट्छे यो गुणका हाँस सुन्दर
हो यो घात, दुराचार, लोकविस्फोटको घर
यो हो कपटको खाल खम्बा हो काम[१९] बाँधिने
यो यौटा वधशाला हो साधुताहरू मारिने ।

---

१८. नदी ।
१९. कामदेव ।

राहुले चन्द्रको जस्तै चाट्दछे छवि धर्मको
यसलाई अँगालोमा नबाँध्ने छ मनुष्य को ?

अधीन बन्दछन् राजा यसका नै स्वभावका
पखालिन्छ कि दाक्षिण्य जलले अभिषेकका ?
के अग्निस्थापनाद्वारा मैलिन्छ मन निर्मल
बढारेर पुऱ्याइन्छ के क्षमा कुशले पर ?

ढाकिन्छ पगरी द्वारा [२०]वृद्धताको विचार के ?
छाताले पनि रोकिन्छ यो जन्मान्तरदृष्टि के ?
सत्यता नै उडाइन्छ डोलाइकन चामर ?
के वेत्र-दण्ड देखेर भाग्छन् गुणहरू पर ?

जयघोष सुनी हुन्छ साधुता के तिरस्कृत ?
झण्डाका कपडाले नै पुछिन्छ अथवा यश ?
धनका लोभमा पर्छन् तर राजाहरू कुनै
आफ्नो भविष्य बिर्सेर बाँधिन्छन् रागले कुनै ।

अदम्य इन्द्रियद्वारा अझ ती खिन्न बन्दछन्
मन चञ्चल भै एक्लै आत्तिएर हराउँछन्
उनीहरू लखेटिन्छन् अथवा ग्रह-भूतले ?
कुनै आवेशमा पर्छन् अथवा मन्त्र-तन्त्रले ?

---

२०. *परिपक्वता ।*

अथवा ती अँठ्याइन्छन् कोही हिंस्रक–जन्तुले
हताश बन्दछन् होला अथवा वायुरोगले ?
पिशाचले चपाइन्छन्, टुक्रिन्छन् काम–वाणले
पाक्छन् कि अझ पैसाका ज्यादा गरम बाफले ?

ज्यानै सह्याल्न सक्दैनन् पिटिएको मनुष्यझैं
अगाडि बढ्न जान्दैनन् सोझै कर्कट–नागझैं
अरूका भरमा चल्छन् पङ्गुझैं गतिभङ्ग भै
ज्यादै मुस्किलले बोल्छन् मुखरोगी मनुष्यझैं ।

छत्तीवन सरी दुःख दिन्छन् वरिपरि कडा
मर्दाझैं केही जान्दैनन् दाजु–भाई हुँदा खडा
आँखा उछिट्टिंदा जस्तै देख्दैनन् तेजिला नर
काललै पक्रिए जस्तै हुन्छन् जड निरन्तर ।

लाहाको गहना जस्तै बन्छन् शत्रु प्रतापको
मानले मस्त भै वास्ता गर्दैनन् उपदेशको
तृष्णाले जड भै देख्छन् सुन जस्तै चराचर
घोटेका वाण जस्ता भै पार्छन् ध्वस्त सबै नर ।

टाढाका फलझैं नाश्छन् दण्डद्वारा महाकुल
अकाल–पुष्पशोभा झैं पार्दछन् लोक आकुल

चिताको अग्निको जस्तै विभूति[२१] नै भयानक
अन्धा मनुष्यको जस्तो हुन्छ दृष्टि विनाशक ।

आवास गणिकाको झैं बन्छ आधार क्षुद्रको
पापले भरिए जस्तै फुलेको हुन्छ देह यो
सुकेका बालुवा माथि खसेका जलविन्दुझैं
आफ्नो स्वरूप बुझ्दैनन् यस्ता राजाहरू कुनै ।

(ग) धूर्तहरूदेखि राजा सावधान हुन आवश्यक

मिल्दछन् धेर संख्यामा अरू राजाहरू पनि
सभामा बस्दछन् जस्का अनेकौं धूर्त–बैगुनी
स्वार्थमात्र सपार्छन् ती गिद्ध झैं धन लुछ्दछन्
आफ्ना राजाहरूलाई यसरी ती बुझाउँछन् –

बाह्रमासे जुवा खेल्नु हो सुन्दर विनोदिता
परस्त्रीसँग सम्बन्ध राख्नु नै हो विदग्धता
शिकार–खेल, व्यायाम, मद्यपान विलास हो
असावधानता यौटा गतिलो वीर–धर्म हो ।

आफ्नी विवाहिता स्त्रीको त्याग गर्नु विराग हो
नमान्नु गुरुको बोली यौटा स्वाधीन पाठ हो

---

२१. *ऐश्वर्य र खरानी ।*

हो यो रसिकता वेश्या, नाच, गान र वादन
अपराध नसुन्ने नै हुन्छ ठूलो महाजन ।

त्यो क्षमाशील मानिन्छ अपमान सहन्छ जो
त्यो हो वास्तवमा स्वामी स्वतन्त्र भइ हिड्छ जो
देवताको तिरस्कार हो महाबलशालिता[२२]
बन्दीको जो प्रशंसा छ त्यही नै हो यशोलता[२३] ।

हो यो उचित उत्साह चित्त चञ्चल बन्नु नै
निष्पक्षपात हो यौटा सूक्ष्म खोज न गर्नु नै
यस्ता दोषहरूलाई देखाई गुण झैं गरी
ठग्दछन् धूर्त आत्मामा उपहासहरू भरी ।

तर राजाहरू बन्छन् धनका मदले जड
मस्त हुन्छन् अँगालेर धूर्तका नै खुशामद
अवतीर्ण भए जस्तो ठान्दछन् दिव्य-अंशले
हाँस्छन् विडम्बना गर्दा आफ्ना सेवक-वर्गले ।

नित्य देवत्वको मिथ्या-भावना मनमा लिई
गर्दछन् बुद्धि नै नष्ट एक्लै आफू उचालिई

---

२२. *ठूलो बलले शोभित हुनु ।*
२३. *कीर्तिरूपी लहरो ।*

हाथभित्र दुई हाथ छन् मेरा विष्णु हूँ भनी
गर्दछन् ममता त्यस्तै त्रिनेत्र[२४] पनि हुँ भनी ।

दिंदा दर्शन सम्झन्छन् गरेजस्तै अनुग्रह
आँखा लगाउँदा ठान्छन् उपकार बराबर
सम्झन्छन् केही बोलेको पनि दान दिए सरी
ठान्दछन् वर आदेश दिंदा केही कुरा परी ।

स्पर्शमात्र पनि ज्यादै पवित्र वस्तु ठान्दछन्
आफैलाई ठूलो सम्झी न देवतत्त्व मान्दछन्
न गर्छन् मान्यको मान अर्चना न [२५]द्विजातिको
ढोग्नेको गर्दछन् ढोग न पूजा पूजनीयको ।

देखी गुरुहरूलाई उभिन्छन् न विनम्र भै
आफैंलाई विचारेर प्रधान–देवता सबै
निरर्थ श्रमले रोक्छन् सुख–भोगहरू भनी
गर्दछन् सब विद्वान्का उपहासहरू पनि ।

बुद्धि अस्थिर राखेर प्रलापहरू गर्दछन्
भनेर वृद्धका वाक्य सारहीन बनाउँछन्
बुद्धि भ्रष्ट भयो मेरो यसका कुप्रसङ्गले
भनेर काट्दछन् मन्त्री, हितैषीका कुरा हरे !

---

२४. *शिव ।*

२५. *ब्राह्मण ।*

उसकै गर्दछन् गान उसकै बात मान्दछन्
सहायता उसैलाई गर्दछन् साथ राख्दछन्
दान दिन्छन् उसैका नै साथ–साथै रमाउँछन्
उसकै बात सुन्छन् र मित्रता गर्न धाउँछन् ।

दिन्छन् धन उसैलाई उसकै मान गर्दछन्
दिन–रात उसैलाई विश्वास–पात्र ठान्दछन्
जो सबै काम छोडेर हाथ जोडेर बस्दछ
उपास्य देवता सम्झी अथवा स्तुति गर्दछ ।

उनका छेउमा बस्छन् अझ क्रूर पुरोहित
हुन्छन् निर्दय चाणक्य–नीतिका जो उपासक
जसका ठग मन्त्री नै सल्लाहकार बन्दछन्
अरूले भुक्त लक्ष्मीमा दृढ आसक्ति राख्दछन् ।

जसको हठ देखिन्छ कठोर तन्त्रशास्त्रमा
जसको स्पष्ट देखिन्छ वञ्चना बन्धुवर्गमा
जसका चित्तमा काम, क्रोध, लोभ र मोह छ
ती राजाहरूको न्याय–कार्य के हुन सक्दछ ?

(घ) राजलक्ष्मीको उपभोगमा सावधानी आवश्यक

राज्यतन्त्र छ ज्यादै नै दुःखदायी भयङ्कर
छ मोहमय यो ज्ञानशून्य यौवन–सागर
गर यत्नहरू त्यस्ता कुमार ! जसरी तिमी
बन्दैनौ लोकको निन्दापात्र, हीन र निर्घृणी ।

जसरी सोचिने छैनौ विद्वान् र मित्रवर्गले
प्रकाशित हुने छैनौ स्वार्थी कामुक–वर्गले
जसरी सेवकद्वारा ठगिदैनौ कसैगरी
बेच्दैनन् जसरी भोग–लोभ देखाइ सुन्दरी ।

जसरी राज्यलक्ष्मीले त्याग्दिनन् हितभावले
रिङटाहरू उत्पन्न गर्दैन अभिमानले
कुमार ! जसरी मत्त पार्दैन कामदेवले
तानिदैनौ रस, स्पर्श, शब्द, रूप र गन्धले ।

खिच्दा सफल बन्दैन इच्छा उत्कट–भोगको
जसरी बुद्धि नासिन्न स्वीकार सुखभोग त्यो
धैर्यवान् छौ स्वभावैले राजपुत्र ! तिमी तर
बुबाले गर्नु भो यत्नद्वारा संस्कार सुन्दर ।

त्यो खस्छ धनले बन्छ जसको चित्त चञ्चल
तिम्रा सन्तोषले ल्यायो मनभित्र कुतूहल
दोहोऱ्याउँछु छोडेर अरू एक कुरा यहाँ
छोड्दछे तर लक्ष्मीले उन्मत्त न गरी कहाँ ?

कुलीन, शक्तिमान्, विद्वान्, ज्ञानी, ध्यानी, परिश्रमी
सबैलाई खसाल्दै यो लक्ष्मी भै बलशालिनी
बुबाले गरिने ऐले यौवराज्याभिषेकको
अनुभूति लिंदै राज्य थाम यो शुभवंशको ।

बन्धुलाई उठाएर झुकाऊ शत्रुका शिर
वन दिग्विजयी फेरि जित यो भूमिमण्डल
गर्ने प्रतापविस्तार ऐले यो शुभ-काल छ
प्रतापी नृपको आज्ञा सधैं सफल बन्दछ ।

१६. राजकुमार चन्द्रापीडको यौवराज्याभिषेक

चन्द्रापीड भए स्वच्छ मन्त्रीका उपदेशले
पुछी सिगारिएजस्तै झन् पवित्र हुँदै गए
योग्यतापूर्ण देखेर ती तारापीडले पनि
गरे निर्णय छोरा नै अब राजा बनोस् भनी ।

सारा सामन्तका साथै राखी मन्त्री–पुरोहित
गरे सम्पन्न राजाले अभिषेचन वैदिक
रुखैरुख हुँदै बढ्ने वनको लहरोसरी
भइन् प्रसन्न राज्यश्री पाउँदा नवभूपति ।

१७. युवराज चन्द्रापीडको दिग्विजय

त्यो दिग्विजयका लागि बजे प्रस्थानदुन्दुभि
विजुली चम्कने बेला मेघगर्जनतुल्य ती
सामन्तगणका साथै ती चन्द्रापीड निस्किए
आकाश–पृथिवी सारा भरियो जयशब्दले ।

रथ, हात्ती र घोडामा चढेका वीर सैनिक
थियो प्रस्थानबेलाको शोभा विजयसूचक
ती तारापीड राजाले जितिएका थिए जति
ती चन्द्रापीड देखेर डराए पृथिवीपति ।

नास्दै बल घमण्डीको मान गर्दै विनम्रको
शरणागतको रक्षा गर्दै संहार धूर्तको ।
राज्याभिषेक सम्पन्न गर्दै ती राजपुत्रको
घुमे दिग्विजयी बन्दै ती चन्द्रापीड विश्वको ।

गाडे विजयको झण्डा पूर्व, दक्षिण–पश्चिम
भयो स्वाधीन सम्पूर्ण दिशा उत्तर अन्तिम
द्वीपान्तर घुमी सारा गर्दै पृथ्वीप्रदक्षिणा
बने दिग्विजयी प्यारा ती चन्द्रापीड अन्त्यमा ।

१८. उज्जयिनीप्रख्याति

आफ्नै राजघरानाले अर्जेको इतिहासले
चम्कन्छ पुरवासी यो त्यो चरित्रविकासले
अयोध्या, मथुरा, माया, काशी, काञ्चीबराबर
ख्याति उज्जयिनीको छ पृथ्वीमा अतिसुन्दर ।
स्तुत्य राजघरानाले प्रतिभावाण फक्रियो
त्यही सुगन्धविस्तार गर्दैछ लघुलेख यो ।

Au S.

अनुवादक परिचय

नाम : टीकाराम अधिकारी

जन्मस्थान : मिजुरेडाँडा-७, कास्की, वि.सं. २००७

पद र कार्यालय : प्राध्यापक, वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं

प्रकाशित कृतिहरू:

* दुःखको आवाज (सहलेखन), गार्फे, वि.सं. २०२०
* पहाडी गुनासो (लोकगीतरचना), बाबू माधवप्रसाद शर्मा, वाराणसी, वि.सं. २०३९.
* महाकवि कालिदास (विवेचना), साझा प्रकाशन, वि.सं. २०४०
* कवितासङ्गम (प्रतिनिधि कवितासङ्ग्रह), आफै., वि.सं. २०४४
* गण्डकीमाहात्म्यम् (सम्पादन र नेपाली भाषानुवाद), महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५५
* पण्डित कुलचन्द्र गौतम र उनको साहित्यसाधना (विवेचना), महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५६
* चन्द्रप्रभा (संस्कृतखण्डकाव्य), जयतुसंस्कृतम्, वि.सं. २०५८
* उज्जयिनीको राजघराना (पद्यमय भावानुवाद), उपप्रा. नन्दन भट्टराई, वि.सं. २०६१
* गोरखापत्र, मधुपर्क, रूपरेखा, बालक, गरिमा, अरुणोदय, प्रज्ञा, दायित्व, योद्धा, मर्यादा, ऋतम्भरा आदि विभिन्न पत्रपत्रिकाहरूमा आठ दर्जनजति अनुसन्धानात्मक फुटकर लेखनिबन्ध र कविताहरू प्रकाशित

प्रकाशोन्मुख

* भावनाविम्ब (नेपाली निबन्धसङ्ग्रह)
* गोविन्दचरितामृतम् (संस्कृत खण्डकाव्य)
* प्रेयसीका परेली (नेपाली कवितासङ्ग्रह)
* अचला (नेपाली शान्तिकाव्य)